## औलो खोजपड्ताल कार्यक्रम

नेपाललाई सन् २०२६ सम्ममा औलो-मुक्त राष्ट्रको रुपमा घोषणा गर्ने नेपाल सरकारको लक्ष्य रहेको छ । सोही अनुरुप सन् २०२० सम्ममा स्थानीय औलो विरामीको संख्या शून्य पुऱ्याउन विभिन्न कार्यक्रमहरु संचालनमा छन्, जसमध्ये खोजपड्ताल (Case Based Investigation) एक महत्वपूर्ण कार्यक्रम हो । खोजपड्तालको मुख्य उद्देश्य समुदायमा रहेका औलोका शंकास्पद बिरामीहरुको तत्काल निदान तथा उपचार गर्नु र उक्त स्थानमा औलोको महामारी हुन नदिनु हो । त्यसको लागि बिरामीको आवश्यक विवरणहरु लिनुको साथै बिरामीसँगै बसोबास गर्ने परिवार तथा छिमेकीको समेत औलो परिक्षण गरिन्छ । बिरामीले दिएको विवरणको आधारमा औलो रोग आयातीत हो वा स्थानीय हो वर्गीकरण गरिन्छ । यदी स्थानीय रुपमा नै औलो लागेको हो भने लामखुट्टेको बासस्थान, प्रकार, बानीव्यहोरा आदी बारे अध्ययन (Entomological Study) गरिन्छ र औलो नियन्त्रणका उपर्युक्त उपायहरु अबिलम्बन गरिन्छ ।



**खोजपड्तालमा आएका स्वास्थ्यकर्मीहरुलाई सहयोग गरी औलो निवारण अभियानमा सहभागी बनौ ।**

## औलोको शंकास्पद बिरामी भेटिएमा के गर्ने ?

- तुरुन्त औलो परिक्षण र उपचारको लागि स्वास्थ्य संस्थामा जानको लागि सल्लाह सुझाव दिने ।
- परिक्षण मार्फत औलो लागेको निश्चित भएमा २४ घण्टाभित्रै जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयमा वा मोबाईल SMS बाट जानकारी गराउने ।
- SMS गर्दा शुरुमा mal टाईप गरेर निम्न विवरणहरु समावेश गर्ने जसलाई ३६०४० मा नि:शुल्क पठाउन सकिन्छ ।

  mal<space>DistrictName<space>VDC/MunicipalityName<space>WardNo<space>ToleName<space>PatientName<space>PatientContactNumber
- प्राप्त जानकारीको आधारमा जिल्ला र स्थानीय स्वास्थ्यकर्मीको टोलीले बिरामीको खोजपड्ताल गर्ने ।
- खोजपड्ताल गर्दा बिरामीको विवरण लिनुका साथै बिरामीको घरलाई केन्द्रविन्दु मानेर वरिपरिका २५ देखि ५० घरधुरीका (१ देखि २ कि.मि. भित्र स्थानीय भौगोलिक परिवेसमा) वासिन्दामा ज्वरोको जाँच तथा रक्त नमुना परिक्षण गर्ने ।

**औलोको विरामी फेला परेमा मोबाईल SMS मार्फत जानकारी गराऔ ।**

# औलो
# (MALARIA)




**सबै मिलि सदाको लागि औलोको अन्त्य गरौं ।**

नेपाल सरकार, स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
टेकु, काठमाडौं ।
सम्पर्क नं: ०१-४२५५७९६
वेवसाईट: www.edcd.gov.np

सहयोग (Supported by)
Save the Children

## औलो (Malaria) भनेको के हो ?

- औलो एनोफिलिज जातको संक्रमित पोथी लामखुट्टेको *(Female Anopheles)* टोकाईबाट हुने एक प्रकारको सरुवा रोग हो ।
- औलो लागेको व्यक्तिलाई लामखुट्टेले टोक्दा रगतसँगै औलोको परजिवि पनि चुस्दछ र लामखुट्टे संक्रमित हुनजान्छ ।
- त्यस्ता संक्रमित लामखुट्टेले स्वस्थ मानिसलाई टोकेमा औलो सर्दछ ।



## औलो रोगका मुख्य लक्षणहरू :

- नियमित वा दिन विराएर ज्वरो आउनु ।
- काम ज्वरो आउनु र पसिना छुट्नु ।
- टाउको बेस्सरी दुख्नु, वाकवाकी वा बान्ता हुनु ।



## औलो रोगको रोकथाम :

लामखुट्टेको टोकाईबाट बच्नु नै औलो रोकथामको सर्वोत्तम उपाय हो ।

- हात खुट्टा छोप्ने गरि पुरा बाहुला भएको कपडा लगाउनु पर्दछ ।
- शरिरको खुल्ला भागमा किटनाशक मल्हम/तेल लगाएर पनि लामखुट्टेको टोकाईबाट बच्न सकिन्छ ।
- घर भित्र, बाहिर, बरण्डा वा आँगनमा बस्दा लामखुट्टे धपाउने धुप प्रयोग गर्नु पर्दछ । सुत्ने बेला झुलभित्र सुत्ने बानी गर्नु पर्दछ ।
- घर भित्र लामखुट्टे नपसोस भन्नाका लागि झ्याल ढोकाहरुमा जाली लगाउनु पर्दछ ।
- वन जंगलमा घाँस दाउरा गर्न जाँदा लामखुट्टेको टोकाईबाट बच्ने उपाय गर्नु पर्दछ ।

## औलो निवारणमा हाम्रो भूमिका

- घर, गाउँ र समुदाय सफा राखी लामखुट्टेले फुल पार्न सक्ने स्थानहरुलाई नष्ट गर्नु पर्दछ ।



- घर वरिपरि भएका झाडी, घाँसपात हटाउने र पानी जम्ने खाल्टाखाल्टी भए पुर्नु पर्दछ ।



- समुदायमा विषादी छर्दा सहयोग गर्नु पर्दछ । विषादी छिड्काउ गरेको ठाउँमा कम्तिमा ३ महिना लिपपोत गर्नु हुँदैन ।



**औलो रोगको चिन्ह र लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा गई निदान तथा उपचार गर्न प्रेरित गरौं ।**

**सरकारी स्वास्थ्य संस्थाहरूमा औलो रोगको निःशुल्क निदान तथा उपचार हुने बारे सचेत बनाऔं ।**

**औलो बारे परिवारका सदस्यहरू, साथी तथा समुदायका अन्य व्यक्तिहरुलाई पनि जानकार गराऔं ।**